# भाष्कर मल्लको राज्यकालका केही प्रमुख गतिविधिहरू

बलराम कायस्थ (पिएच.डी.)
इतिहास केन्द्रीय विभाग
Email:balaram.kayastha@gmail.com

**Doi: 10.3126/voh.v33i1.87292**

**सारसङ्क्षेप**

*कान्तिपुरका राजा भाष्कर मल्लको छोटो शासनकाल विविध सांस्कृतिक एवं राजनैतिक गतिविधिले युक्त रहेको पाइन्छ, जुन गतिविधि इतिहासमा पहिले कहिल्यै नभएका वा नदेखिएका थिए । कुलपुर्खादेखि प्रचलित सांस्कृतिक परम्परा जगेर्ना गर्ने हेतुले आपसी सम्बन्ध वैमनस्यपूर्ण हुँदाहुँदै पनि उनी सर्वप्रथम कान्तिपुरका साथै ललितपुरको राजगद्दी खाली हुँदा त्यहाँका समेत राजा हुन पुगे । तर परम्परा विपरित यिनले कान्तिपुर दरबारमा पहिलोपल्ट एउटा गैरनेवार मुस्लिम व्यक्तिलाई काजीका रूपमा ल्याए । अनि भयावह बन्न पुगेको महामारीको प्रकोप जति नै पूजापाठ, शान्तिस्वस्ति गर्दा पनि शान्त नभएपछि त्यसका निम्ति स्थानीयवासीले इसाई धर्म प्रचारकहरुमाथि दोषारोपण गरी आक्रमण गरे । अनि सोही महामारीमा परी यिनको अल्पायुमै निसन्तान मृत्यु हुँदा कान्तिपुर राज्यमा सूर्यवंशी मल्ल राजाहरुको वैधानिक वंशक्रम समाप्त भई अर्कै वंशको शासन प्रारम्भ भयो । यी सांस्कृतिक क्रियाकलाप एवं परिस्थितिजन्य कारणले गर्दा राजा भाष्कर मल्ल कान्तिपुरका त्यति उल्लेखनीय शासक नभए तापनि उनको राज्यकाल भने ऐतिहासिक दृष्टिले महत्वपूर्ण देखिन्छ । यसरी कान्तिपुरको इतिहासमा महेन्द्र मल्ल, प्रताप मल्ल जस्ता प्रभावशाली राजाहरु मात्र नभएर भाष्कर मल्ल जस्ता गुमनाम राजाको छोटो शासनकाल पनि विविध गतिविधि र परिस्थितिले गर्दा महत्वपूर्ण रहेको देखिन्छ तर यसका बारेमा हालसम्म कतैबाट गहनरूपले अध्ययन अनुसन्धान नभएको पाइएकाले यहाँ यसै विषयलाई प्रकाश पारिएको छ । प्रस्तुत लेखलाई प्रामाणिक स्रोतसामग्रीहरू उपयोग गरी व्याख्यात्मक ढाँचाबाट विश्लेषण गरिएको छ ।*

***शव्दकुञ्जी:*** *चौतारा, गजपति, तलेजु, महामारी, किण्डोल*

## परिचय

भाष्कर मल्ल पाँच वर्षकै कलिलो उमेरमा कान्तिपुरका राजा भएका थिए । आफ्ना बाबु राजा भूपालेन्द्र मल्लको तीर्थयात्राको क्रममा भारतको अयोध्या नजिक ब्रम्हनाभ भन्ने ठाउँमा देहान्त भएपछि त्यसको तीन महिनापछि वि.सं. १७५७ माघमा उनी राजा भए (वज्राचार्य, २०१९) । राजमाता भुवनलक्ष्मीले छोराको नाममा नायबी शासन चलाइन् ( मुनंकर्मी, २०२५) । प्रभावशाली भारदार झगल ठाकुर चौतारा बने । उमेर पुगेपछि यी राजा एकदम साहसी र चञ्चल स्वभावका देखिए । यही निडर स्वभावका कारण एकातर्फ कहिले जंगली हात्तीलाई पक्रेर काबुमा लिने, कहिले भक्तपुरमाथि

जाइलाग्ने, कहिले ललितपुरलाई आफ्नो वशवर्ती पार्ने आदि साहसिला कार्य गरे भने अर्कातर्फ आफ्नो चञ्चल स्वभावको फलस्वरुप यिनले जीवनमा अनेक समस्या भोग्नुका साथै अन्तमा आफ्नो प्राण समेत गुमाउनु परेको थियो ।

भाष्कर मल्ल सानै उमेरमा राजा भएका र पूरा अवधि भने जस्तै आमाको संरक्षणमा रहेका अनि युवाअवस्थामै मृत्यु भएबाट यिनले आफ्नो विशेष कीर्ति र योग्यता देखाउने अवसर पाएनन् (चालिसे, २०४८) । तथापि चौतारा योग्य भएकाले समग्र उपत्यकाको राजनीतिमा कान्तिपुरको प्रभाव कायमै थियो । साथै धार्मिक स्वभावका भएकाले यिनले ब्राम्हणलाई जग्गादान गर्ने, मन्दिर बनाउने, धर्मशाला बनाउने, देवस्थलमा कलाकृति चढाउने जस्ता सांस्कृतिक गतिविधिलाई संरक्षण गर्ने काम पनि गरे ।

बाबुको असामयिक निधनले गर्दा सानै उमेरमा कान्तिपुरको राजा बनेका छोरा भाष्कर मल्ल उमेर पुगेपछि सुरो र निडर स्वभावका देखिए । खासगरेर जंगली हात्ती पक्रने कार्यमा यिनको विशेष रुचि थियो । एकपटक भक्तपुरका राजा भूपतीन्द्र मल्ल र यिनी सिन्धुलीको बाटो गरी चारकोशे वनतिर हात्ती खेदामा जाँदा १३ हात्ती समाई नेपाल ल्याइपुर्‍याए । भक्तपुरका राजाले भने एउटा पनि हात्ती ल्याउन सकेनन् । यसैले यिनले आफ्नो राजप्रशस्तिमा "*स्वविक्रमोपार्जित श्री श्री गजपति पद विराजमान महीन्द्रसिंहदेवः*" अर्थात् आफ्नो पुरुषार्थले कमाएको गजपति (हात्तीका धनी) पदले सुहाएका श्री श्री महीन्द्रसिंहदेवः भनी लेख्न थालेका थिए (वज्राचार्य, २०१९) । यसपछि पनि यिनी हात्ती समात्न तराईतिर गइरहन्थे । आफ्ना चौताराको प्रयत्नले ललितपुरको गद्दी खाली हुँदा यिनी त्यहाँका पनि राजा बने । यिनको राज्यकालमा कान्तिपुरमा ठूलो महामारी फैलियो । आश्विन महिनामा मलमास परेको र मलमासमा कुनै चाडबाड मनाउन नपर्नेमा यी राजाले त्यसको कुनै परवाह नगरी दशैं मनाउन आदेश दिएकाले देवी कुपित् भई महामारी फैलिएको भन्ने अनुमान हुन्छ । किनकि भक्तपुर र ललितपुरले मलमास बारेकाले त्यतातिर महामारीको त्यति ठूलो प्रकोप रहेन । साथै ढोका बाहिर(नगर बाहिर) का खसहरुमा पनि यस रोगले धेरै मरेनन् (लम्साल, २०२३) । राजा भाष्कर मल्ल यसै महामारीले आक्रान्त भई परलोक भए । यसरी उक्त महामारीको प्रकोप राजा भाष्कर मल्ललाई दान प्रतिष्ठाको रुपमा ग्रहण गरी शान्त भयो । यसबारे विष्तृत विवेचना तल गरिएको छ ।

**तत्कालीन परिस्थिति**

राजा भाष्कर मल्लले आफू जवान भएपछि आफ्नो नाम परिवर्तन गरी महीन्द्रसिंहदेव राखेका थिए भन्ने कुरा ने.सं. ८३९ (वि.सं. १७७६) को एउटा ताडपत्रबाट थाहा हुन्छ । जुन ताडपत्रमा "*श्री माणीग्लाधिपति महाराजधिराज श्री श्री जयगजपति महीन्द्रसिंहदेव मल्ल*" भन्ने उल्लेख छ । यसबाट यो ताडपत्र यिनी कान्तिपुरका साथै ललितपुरको समेत राजा हुँदा ताकाको हो भन्ने कुरा थाहा लाग्दछ (राजवंशी, १९८५) तर डिल्लीरमण रेग्मीले भाष्कर मल्लपछि महिन्द्रदेव कान्तिपुरका राजगद्दीमा बसे भनेर दुई अलग शासकको अस्तित्व देखाएका छन् (रेग्मी, सन् १९६६) । तर माथि उद्धृत ताडपत्र, एवं नेपाल देशको इतिहास, राजभोगमाला, मल्लकालको तामापत्र आदि स्रोतको आधारमा राजा भाष्कर मल्ल नै राजा महिन्द्रसिंहदेव भएको तथ्य पुष्टि हुन्छ ।

इतिहासमा योग्य र प्रभावशाली शासकहरुलाई नै बढ्ता महत्व दिने गरिन्छ । तर यथार्थता के हो भने विश्व इतिहासमा जतिपनि युगान्तकारी परिवर्तनका घटना हुने गरेका छन्, ती प्रायः गरेर कमजोर र अक्षम शासकहरुकै कारण हुने गरेको देखिन्छ । जस्तोकि सन् १७८९ को फ्रान्सेली राज्यक्रान्ति, सन् १९११ को चीनीयाँ क्रान्ति, सन् १९१७ को रुसी क्रान्ति, नेपालमै पनि वि.सं. १९०३ को कोतपर्व आदि घटनाले यो भनाइलाई पुष्टि गर्दछ । यसैले त्यस्ता शासकहरुको पनि बेलाबखत मूल्याङ्कन हुनुपर्छ भनेर यहाँ सानै उमेरमा कान्तिपुरको गद्दीमा बसेका तर इतिहासमा त्यति चर्चा नपाएका राजा भाष्कर मल्लको विषयलाई उठान गरिएको हो । वास्तवमा कान्तिपुर राज्यमा अपवादका रुपमा केही प्रभावशाली शासकहरुलाई छोडेर भन्ने हो भने सदाकाल भारदारहरुकै रजगज चलेको थाहा हुन्छ । त्यसमा पनि खासगरेर भन्ने हो भने राजा प्रताप मल्लको मृत्यु पश्चात् कान्तिपुरको राजगद्दीमा बसेका प्रायः सबै राजाहरु नाबालक, कमजोर र अयोग्य देखिए (कायस्थ, सन् २०२३) । भाष्कर मल्लको पालामा पनि झगल ठाकुर भन्ने भारदार चौतारा (मूलकाजी) थिए । तर तिनी कुशल कुटनीतिज्ञ र कर्तव्यनिष्ठ भएकाले राजा र राज्यको प्रभाव बढाउने काममा सदा लागिरहे । तिनकै खुबी र चतुर्‍याइँले गर्दा राजाको सम्मानमा वृद्धि भयो । वास्तवमा राजा भाष्कर मल्लको राज्यकालमा उपत्यकाको समग्र राजनीतिमा कान्तिपुरको जुन महत्ता बढेको थियो, त्यसको पछाडि यिनै झगल ठाकुरको कुटनैतिक क्षमताको प्रमुख भूमिका थियो । यिनी तत्कालीन गोहारयुगीन राजनीति (एउटासंग मिलेर अर्कोलाई पछार्ने नीति)का सिपालु खेलाडी थिए (चालिसे, २०४८) । यसरी राजा र तिनका मूलकाजीको आपसी समझदारीले गर्दा कान्तिपुरको राजनीतिक स्थिति सुदृढ बनेको थियो । तथापि तत्कालीन समयमा केही त्यस्ता परिस्थितिहरु सृजना भए जुन नेपालको इतिहासमा यसअघि कहिल्यै पनि देखिएको थिएन । रोचक र रोमाञ्चक लाग्ने ती परिस्थितिहरु ऐतिहासिक दृष्टिले ठूलो माने राख्दछन । किनकि नेपाल राज्य अस्तित्वमा आएदेखि नै यहाँ विविध धर्म मान्ने सम्प्रदायहरुको बसोबास भए पनि एकले अर्काको धर्मप्रति आदरभाव राख्दथे । तिनका बीच धर्मको नाममा कहिलै द्वन्द भएन । एकले अर्कोको धर्ममा कहिल्यै दख्खल दिएनन् । विविध धर्म मान्नेहरु बीच सदा सौहार्द र सहिष्णुताको वातावरण कायम रह्यो (रेग्मी, २०३९) तर यतिखेर जुन परिस्थिति सृजना भयो, त्यसले यहाँ धर्मको नाममा कहिल्यै द्वन्द भएन भन्ने भनाइ मिथ्या साबित हुन पुग्दछ । त्यस्तै, कोरोना जस्तै महामारीको भयावह स्थिति अहिले मात्र नभएर त्यतिबेलै देखिएको थियो । जसमा लगभग बीस हजार मानिस र हजारौं पशुपन्छी मरे । राजा भाष्कर मल्ल स्वयंको पनि यसै महामारीमा परेर मृत्यु भयो । यसपछि कान्तिपुर राज्यमा सूर्यवंशी मल्ल राजाहरुको शासन समाप्त भयो (राइट, सन् १८७७) । नजिकका नातेदार जगज्जय मल्ललाई ल्याएर गद्दीमा राखियो । साथै उपत्यकाका मल्ल राजाहरु एउटै पुर्खाका सन्तान भए पनि तिनीहरुका बीच अपनत्वको भावना नभई एकले अर्कोलाई आफ्नो कट्टर दुश्मन ठानी सधैं आपसमा लडाई झगडा गरिरहन्थे । त्यस्तो वैरभावपूर्ण राजनीतिक परिस्थितिका बाबजुद पनि यी राजा लगभग पाँच वर्षसम्म छिमेकी राज्य ललितपुरको समेत राजा बन्न सक्नु ऐतिहासिक दृष्टिले महत्वपूर्ण देखिन्छ । यसरी ओझेलमा परेका ऐतिहासिक पात्र र इतिहासमा त्यति महत्व नपाएका अथवा लुकेर रहेका ऐतिहासिक तथ्यलाई जनसमक्ष ल्याएर उजागर गर्नु यस अध्ययनको मूल अभिप्रायः रहेको छ ।

राष्ट्रिय महत्वको स्थानीय इतिहास र संस्कृतिका विविध पक्षलाई जनसमक्ष ल्याएर उजागर गर्नु निश्चय पनि महत्वपूर्ण देखिन्छ । यहाँ पनि मल्लकालीन काठमाडौं उपत्यकाको एउटा प्रमुख राज्य कान्तिपुरका एकजना गुमनाम शासक र तिनका समयका विविध कौतूहलपूर्ण सांस्कृतिक एवं राजनैतिक गतिविधि र परिस्थितिलाई प्रस्तुत गरिएको छ । जुन परिस्थिति नेपालको इतिहासमा पहिले कहिल्यै देखिएका थिएनन् । यसैले यी शासकको राज्यकाल ऐतिहासिक दृष्टिले निकै उल्लेखनीय मान्न सकिन्छ र यसलाई विभिन्न कोणबाट व्याख्या विश्लेषण गरी प्रस्तुत गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो ।

**अध्ययन विधि**

मल्लकालीन ताडपत्र, ऐतिहासिक पत्रसंग्रह, ऐतिहासिक घटनावली, वंशावली आदि मूल स्रोतहरुका आधारमा गरिएको प्रस्तुत अध्ययनमा पृष्ठभूमि विश्लेषण गर्ने क्रममा द्वितीय स्रोतहरुको प्रयोग गर्ने काम पनि भएको छ । मौलिक स्रोत सामग्रीहरुबाट प्राप्त जानकारीहरुलाई अध्ययन गरेर त्यसको व्याख्या विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको यस लेखमा पुस्तकालयीय अध्ययन, दस्तावेज, जर्नलहरु आदिबाट जुटाइएका सामग्रीहरुको विश्वसनीयता मापन समेत गरी प्रयोग गरिएको छ । विश्लेषणात्मक स्वरुप लिन पुगेको प्रस्तुत लेखलाई गर्भे टिप्पणी प्रयोग गरेर सन्दर्भ सामग्री सूचीमा विधिवत् स्थान दिई सम्पन्न गरिएको छ ।

**भाष्कर मल्लको राज्यकालका प्रमुख गतिविधिहरू**

विविध गतिविधि एवं केही नितान्त नयाँ र नौलो परिस्थितिजन्य कारणले गर्दा राजा भाष्कर मल्लको छोटो राज्यकाल ऐतिहासिक दृष्टिले उल्लेखनीय बन्न पुग्यो । जसलाई निम्नअनुसार विवेचना गर्न सकिन्छ :

***मुस्लिमलाई काजी बनाउनु–*** त्यसबेला नेपालमा मात्र नभएर संसारभरि नै राजतन्त्रको युग भएकाले राज्यमा राजा मुख्य शक्ति मानिन्थ्यो । राज्यको मुख्य शक्ति भए पनि यहाँका मल्ल राजाहरु जनभावना अनुरुप नै चल्दथे तर यतिखेर राजा भाष्कर मल्लले भने सबैको विरोध हुँदाहुँदै सनातन धर्म परम्परा भन्दा बाहिर गएर एउटा मुसलमानलाई ल्याएर राज्यको उच्च पदमा आसीन गराए जुन कुरा स्थानीय धर्म परम्परा र जनचाहना विपरित थियो ।। अतः दरबारिया भारदारहरू (बहुसंख्यक नेवार र केही खस) देखि स्थानीयवासी सबैले यस कदमको घोर विरोध गर्दै ती मुसलमानहरू माथि जाइलागे । जसमा केही मुसलमानहरु काटिए भने अन्यको भागाभाग भयो (राइट, सन् १८७७) । जनताको उग्ररुप देखेर राजाले आफ्नो कदम रोके । यताबाट स्थानीयवासीले चाहेन भने निरंकुश शासकको हठीपनको केही जोर चल्दैन भन्ने कुरा स्पष्ट हुन्छ ।

यसरी एउटा बाहिरिया भारतीय मुस्लीम व्यक्ति कान्तिपुर दरबारको भारदारी सभाका सल्लाहकार हुँदै मूल काजीको पदसम्म पुग्न सफल भएको तथ्य संभवतः धेरैलाई थाहा नभएको हुन सक्छ । तर यथार्थ यही हो, जुन नेपालको इतिहासमै नितान्त नौलो र पहिलो घटना थियो । यद्यपि तिनको नाम जान्न सकिएको छैन तथापि एउटा कट्टर

परम्परावादी हिन्दू नेवार राज्यमा मुसलमान व्यक्ति मन्त्री बन्न सक्नु भनेको ज्यादै आश्चर्यको कुरा थियो । हुनतः यहाँ राजा रत्न मल्लकै पालादेखि व्यापारीका रूपमा कश्मिरी मुसलमानहरुको बसोबास शुरु नभएको होइन, कान्तिपुरको बाह्य व्यापारमा ठूलो योगदान दिंदै, राज्यले बाँधिदिएको नीति नियमभित्र रही स्थानीय समाजका सबैसंग घुलमिल गर्दै आएका र स्थानीयले पनि श्रृङ्गार प्रसाधन सम्बन्धी आफ्ना जरुरत पूरा गरिदिने भएकोले तिनीहरुप्रति सद्भाव नै राखेका थिए । यद्यपि त्यतिबेलाको कट्टरपन्थी स्थानीय नेवार समाजले तिनलाई अछूत भनेर व्यवहार गर्थ्यो किनकि तिनको परम्परा स्थानीय हिन्दू बौद्ध नेवारहरुको भन्दा ठीक विपरित थियो ।

राजा भाष्कर मल्लले आफ्नो राज्यकालमा विपरीत धर्म मान्ने, त्यो पनि बाहिरको व्यक्तिलाई ल्याएर किन मूल काजी बनाए भन्ने सन्दर्भलाई केलाउँदा के देखिन्छ भने यी राजालाई जंगली हात्ती पक्रने जस्तो जोखिम कार्यमा निक्कै ठूलो सौख थियो, जुन कुरा माथि नै उल्लेख भइसकेको छ । यसका लागि उनी बरोबर तराईका जंगलमा जान्थे । यस काममा सम्भवतः स्थानीय मुसलमानहरुले उनलाई ठूलो सहयोग गरेको हुनुपर्छ । जसको फलस्वरुप त्यहाँका मुसलमानहरुसंग सम्बन्ध गहिरिंदै गएपछि यिनले तिनीहरुको ठूलो संख्यालाई कान्तिपुरमा भित्र्याए । यसक्रममा यिनको राज्यकालमा कान्तिपुर दरबारमा समेत मुसलमानहरुको दबदबा बढन गएको थियो (राजवंशी, सन् १९८५)। यस स्थितिमा चौतारा झगल ठाकुरको मन्त्रीमण्डलमा यी राजाका प्रियपात्र एकजना मुसलमानलाई पनि समावेश गरियो । पछिबाट मुसलमानहरुको चाकरीदेखि एकदम रिझिएका राजाले झगल ठाकुरलाई नै बर्खास्त गरी उनको ठाउँमा ती मुसलमानलाई मूलकाजी बनाइदिए (थापा, सन् १९७०) । जुन कुरा नेपाली धर्म, परम्परा र संस्कृति विपरित थियो ।

मुसलमानहरुको खराब संगतमा परेका अल्लारे राजाका कारण देशमा के अनर्थ हुन लाग्यो भनी सबै चिन्तित हुन थाले । यसरी परम्परादेखि स्थानीय नेवार र केही खस भारदारहरुको मात्र बोलवाला रहेको कान्तिपुर दरबारमा पहिलोपल्ट राज्यदेखि बाहिरको त्यो पनि विधर्मी मुसलमानलाई काजी बनाइएकोमा दरबारिया भारदारहरुदेखि स्थानीयबासिन्दा सबैले ठूलो विरोध गरे । यसबाट आफ्नो सनातन हिन्दू धर्म परम्परामा खलल आइपर्ने देखेर मुसलमानहरुलाई देशनिकाला गर्न संघर्ष गरे । फलस्वरुप नेपाली र मुसलमानहरुका बीच हिंसात्मक घटनाहरु भए । केही मुसलमान मारिए भने केही ज्यान जोगाएर भाग्न सफल भए (राजवंशी, १९८५) । मुसलमानहरुको भागाभाग भएपछि राजाले विवशः भएर पुनः झगल ठाकुरलाई नै काजी बनाए (मुनंकर्मी, २०२५) । यस सन्दर्भमा यहाँ गोरखाको प्रसङ्ग कोट्याउनु उपयुक्त हुनेछ- जसरी गोरखाका राजा पृथ्वीनारायण शाहले विराज बखेतीलाई काजी बनाउन खोजे पनि गोरखाली जनताको चाहना कालु पाण्डेको पक्षमा देखिएकाले उनले आफ्नो मनोभावनालाई दबाए (पन्त, २०७४) यसरी जनचाहना र धर्मपरम्परा विपरित जानाले राजा भाष्कर मल्ल जनतासमक्ष झुक्न बाध्य भयो र आफ्नो कलुषित मनोकाँक्षा पुरा गर्न पाएनन् ।

***भक्तपुरसंगको सन्धि–*** राजा भाष्कर मल्लको राज्यकालमा उपत्यकाको समग्र राजनीतिमा कान्तिपुरको महत्व निक्कै बढेको थियो । यसमा राजाको योग्यता र झगल ठाकुरको कुटनैतिक क्षमता दुवैको उतिकै भूमिका रहेको देखिन्छ । दुवै वरिपरिका राज्यहरुमा कान्तिपुरको प्रभाव विस्तार गर्न चाहन्थे । विशेष गरेर पाटनलाई कान्तिपुरको वशमा राख्न चाहन्थे । यसैले राजा भाष्कर मल्लले भक्तपुरलाई पाटनका विरुद्ध आफ्नो पक्षमा मिलाउन ने.सं. ८२३ अर्थात्

वि.सं. १७६० श्रावण २ शुदिका दिन भक्तपुरका राजा भूपतीन्द्र मल्लसंग आपसमा झगडा नगर्ने सन्धि गरेका थिए, जुन आजसम्म पनि भक्तपुर तलेजुको मूलचोकमा दक्षिणी लङको भित्तामा टाँसी राखेको ताम्रपत्रमा उल्लेख पाइन्छ (मुनंकर्मी, २०२५) । उक्त सन्धिपत्रका साथमा छत्तीस हजार मोहर धरौटी समेत राखिएको थियो (परिशिष्ट नं. १) । यस सन्धिमा कान्तिपुरको अनुमति बिना भक्तपुरले पाटनलाई बाटोघाटो नखोलिदिने, राजाराजाबीच गुहार माग्दा कान्तिपुरलाई प्रमुख मान्ने आदि शर्त थियो (पौडेल, २०६५) । यस सन्धिको अवधि बाह्र वर्ष राखिएको भएता पनि परिस्थितिजन्य कारणहरुले गर्दा केही वर्षपछि नै यो सन्धि तोडियो । तापनि कान्तिपुरको महत्वलाई यस सन्धिमा स्थान दिनु अर्थात् भक्तपुरले कान्तिपुरको सर्वोपरितालाई स्वीकार गर्नु यस सन्धिको विशेष उल्लेखनीय पक्ष थियो (राजवंशी, सन् १९७२) । वास्तवमा आपसी ईर्ष्या र मनमुटावपूर्ण तत्कालीन राजनीतिमा आफूमाथि संकट आइपरेमा एउटा राज्यले अर्को राज्यसंग गुहार माग्ने चलन थियो । पाटनले पनि कान्तिपुरको चाहना विपरीत भक्तपुरबाट सहायता प्राप्त गर्न   सक्दथ्यो । भक्तपुर र पाटन एक भयो भने कान्तिपुर एक्लैको केही जोर चल्दैनथ्यो । अतः यस स्थितिमा कुटनीतिद्वारा पाटनलाई वशमा ल्याउन कान्तिपुरले भक्तपुरसंग यो सन्धि गरेको थियो (तिवारी, २०२१) यसरी उपर्युक्त दृष्टान्तबाट के थाहा हुन्छ भने उपत्यकाका मल्ल राजाहरु बीचको आपसी सम्बन्ध सौहार्दपूर्ण नभएर वैमनस्य र शत्रुतापूर्ण रहेको थियो । कहिलेकाहीं मेलमिलाप भए पनि त्यो क्षणिक मात्र हुन्थ्यो । सानो कुरामा पनि निहुँ खोजेर एक अर्कामाथि जाइलाग्ने गर्थे भन्ने कुरा यताबाट थाहा हुन्छ । यदि यिनले आर्थिक र सांस्कृतिक क्षेत्रमा उन्नति गरेजस्तै राजनीतिक क्षेत्रमा पनि आपसी मेलमिलाप कायम गरी सामुहिक रुपमा अगि बढ्न सकेका भए यिनको शासन अझ केही समय लम्बिन सक्ने थियो ।

***ललितपुरका पनि राजा बन्नु–*** यसरी राजा भाष्कर मल्लले आफ्नो कुटनैतिक सुझबुझद्वारा एकातिर ललितपुरका विरुद्ध भक्तपुरलाई सन्धिद्वारा परिबन्दमा पारे भने अर्कातर्फ ललितपुरसंग देखावटी रुपमा विशेष सम्बन्ध राखी भित्रभित्रै त्यहाँका भारदारहरुलाई आफ्नो पक्षमा मिलाउँदै पनि थिए । यसबीच ललितपुरको राजगद्दी खाली हुँदा आफ्नो प्रयत्नले उनी ललितपुरका पनि राजा बन्न सफल भए । कसरी भने त्यहाँका शक्तिशाली राजा योगनरेन्द्र मल्लको मृत्युपछि उनका वैध छोरा कोही नहुँदा सर्वप्रथम छोरीका छोरा लोकप्रकाश मल्ल, त्यसपछि भानिज इन्द्र मल्ल राजा भए तर राजा भएको तीन वर्ष नपुग्दै इन्द्रमल्लको वि.सं. १७६६ चैत्रशुक्ल पूर्णिमाका दिन मृत्यु भएकाले योगनरेन्द्रमल्लकी एक भित्रेनी रानीपट्टिका छोरा महीन्द्र मल्ल राजा भए । यी भित्रेनी रानी योगनरेन्द्र मल्लको मृत्यु हुँदा गर्भवती थिइन् । यिनलाई इन्द्रमल्ल पक्षका भारदारहरुले देश निकाला गरिदिए । त्यसपछि यिनी गोरखामा गई शरण लिएर बसेकी थिइन् । ललितपुरमा इन्द्रमल्लको मृत्यु भएपछि यी रानीका छोरा महीन्द्र मल्ललाई राजा बनाउन गोर्खाका राजा पृथ्वीपति शाहले पठाएका थिए । यदि ललितपुरका भारदारले महीन्द्रमल्ललाई राजा स्वीकार गरेन भने गोरखाले हस्तक्षेप गर्ने समेत धम्की दिएर ल्याएका थिए (ज्ञवाली, २०१९) । तर यी राजा बालकै हुँदा चैत्र शुक्ल पूर्णिमाको भोलिपल्ट गर्नुपर्ने रातो मच्छेन्द्रनाथको महास्नानका लागि नायब योगमतीले कान्तिपुरका राजा भाष्कर मल्ललाई बोलाएर मर्यादा माफिक कर्म चलाई मत्स्येन्द्रनाथको यात्रा गराइन् (थापा, १९७२) । महीन्द्रमल्लको पनि केही वर्षपछि मृत्यु भएकाले वीरनरसिंह राजा भए । त्यसपछि योगनरेन्द्र मल्लका भानिजका छोरा ऋद्धिनरसिंह मल्ल राजा भए । चाँडै नै यिनको पनि मृत्यु भयो । यसपछि भाष्कर मल्लका पक्षधर पाटने भारदारहरुले कान्तिपुरमा आई भाष्कर मल्ललाई ललितपुरको पनि राजा बन्न

आग्रह गर्दा उनी राजी भए । यसपछि उनलाई सिंदूरजात्रा गरी ललितपुर ल्याई ने.सं. ८३७ आषाढशुक्ल १५ का दिन मणीमण्डपमा सिंहासन राखी राज्याभिषेक गरियो । यसरी भाष्कर मल्ल करीब पाँच वर्षसम्म कान्तिपुर र ललितपुर( पाटन)का संयुक्त राजा भए । अर्थात् आफ्नो मृत्युअघिसम्म उनी पाटनका पनि राजा रहेका थिए । वास्तवमा ऋद्धिनरसिंह मल्लको मृत्यु पछि खाली हुन आएको पाटनको राजगद्दीमा भक्तपुरका भूपतीन्द्र मल्ललाई नराखी कान्तिपुरका भाष्कर मल्ललाई राखिएबाट उनी निश्चय पनि योग्य र प्रभावशाली राजा जस्तो देखिन्छन् । तर यसमा उनी भन्दा उनका भारदार झगल ठाकुरको प्रमुख भूमिका रहेको थाहा हुन्छ ।

***प्लेग रोगको महामारी–*** राजा भाष्कर मल्लको राज्यकालमा ने.सं. ८३६ (वि.सं. १७७३) चैत्रमा एउटा भयङ्कर डरलाग्दो महामारी रोग फैलिएको थियो (राइट, १८७७) । सयौं वर्षको अन्तरालपछि नेपाल उपत्यकामा प्रवेश गरेको यस रोगको मुख्य लक्षण काखी, काछ वा कानको पछिल्तिर फोका उठ्ने, कपाल दुख्ने, रिङ्गटा लाग्ने, ज्वरो आउने थियो । यो रोगले छोएपछि चाँडै मृत्यु हुन्थ्यो । यसक्रममा कोही बागमतीमा मरे, कोही विष्णुमतीमा मरे, कोही बाटैमा मरे । घाटै पुर्‍याउन सकिएन । मानिस यस तरहले मरे कि मर्नेलाई कात्रो आदि चाहिने कुरा पनि दिन सकेनन् । दिनको १००, १२० का दरले मानिस मर्दा धेरैका सन्तान शुन्य भई अपुताली लाग्यो (लम्साल, २०२३) । यिनको समयमा आश्विनमा अधिकमास पर्न आएको थियो । जुन कुरा प्राप्त ताडपत्रमा "नष्ठाश्विनी" भनी उल्लेख भएबाट थाहा हुन्छ । यसैले त्यो वर्ष दशैं चाड मनाउन नहुने ज्योतिषीय कथन थियो तापनि यिनले त्यसको कुनै परवाह नगरी आफ्नै जिद्दीले चाड मनाउने घोषणा गरे (राजवंशी, सन् १९८५) । फलस्वरुप दैवी प्रकोप भई यस्तो महामारी फैलिएको हो भन्ने तत्कालीन ज्योतिषीहरुको भनाइ रह्यो । हुन पनि त्यसबेला नेपाल मण्डलका प्रमुख देवदेवीका स्थानहरुमा धेरै उपद्रवहरु भए, अनेक महाउत्पातहरु मच्चिए । (लम्साल, २०२३) । पशुपतिनाथको दक्षिण मुखबाट दन्त प्रकाश भयो । कीर्तिपुर बाघभैरवको नेत्रदेखि मुनि मुख पतन भई विरुप भए । मच्छिन्द्रनाथको जात्रामा पनि ३१ वटा आग्ला भाँचिए । मिननाथका रथमा पनि अग्नि प्रवेश भै जल्यो (थापा, सन् १९७०) । यसरी सर्वत्र भयावह स्थिति उत्पन्न भएकाले स्थानीय जनतामा एक किसिमको त्रासको वातावरण फैलियो । आफ्नो ज्यान जोगाउन धेरै मानिसहरु शहर छाडी भागेर गए ।

राजालाई महामारीबाट पर राख्नको लागि काजी झगल ठाकुरले स्वयम्भूदेखि दक्षिणतिरको किण्डोल भन्ने ठाउँमा सुरक्षित तवरले Isolation को व्यवस्था गरी रानीहरु सहित राजालाई राखेका थिए । जति नै दान धर्म, पूजापाठ, शान्तिस्वस्ति गर्दा पनि महामारी रोकिएन । त्यसैबेला एकजना जोगी आएर देशका सम्पूर्ण ब्राह्मण, फकीर, गरीवहरुलाई इच्छापूर्ण भोजन गराउन सके महामारी शान्त होला भनेर उपदेश दिएर गए । जोगीको उपदेश मुताबिक काजीले राज्यका सारा ब्राह्मण, जोगी, साधु, सन्यासी, गरीव गुरुवाहरुलाई बोलाई हनुमानढोका दरबार अगाडि इच्छा भोजन गराए । चारदिनसम्म ठूलो अन्नदान गरियो । फलस्वरुप महामारी केही शान्त भएर गयो । त्यस रोगको महामारीले गर्दा १८७१४ मानिस मरे (राजवंशी, १९८५) । दोपाया, चौपाया पशुपन्छीहरु कति मरे मरे, जसको कुनै लेखाजोखा नै भएन । छ महिनासम्म lockdown मा बस्नु परेकाले राजा वाक्कः दिक्कः भइसकेका थिए (राइट, सन् १८७७) । यस्तैमा एकदिन एउटा ज्यापू खेतबाट आइरहेको थियो । राजाले झ्यालको प्वालबाट त्यसलाई देखेर महामारी रोग अहिले कस्तो छ भनी सोध्न थाले । त्यस ज्यापूले महामारी रोग अहिले बिल्कुलै शान्त भइसक्यो भनी बिन्ती गरे । यति कुरा सुनेर राजा

किण्डोलमा बन्दी सरह बसिरहन नसकी झ्यालबाट हाम्फालेर हनुमानढोका दरबारमा गए । राजाको साथमा रानीहरु पनि संगै गए । त्यही राति राजालाई त्यस महामारीले छोयो र त्यही रोगको शिकार भएर राजा भाष्कर मल्लको वि.सं. १७७९ भाद्रकृष्ण एकादशीका दिनमा मृत्यु भयो (थापा, सन् १९७०) । यसरी छ वर्षदेखि फैलिएको यसै महामारीमा परेर राजा भाष्कर मल्लको मृत्यु भयो । यिनी निसन्तान थिए । यसैले यसपछि कान्तिपुरमा सूर्यवंशी राजाहरुको वंश समाप्त भई अर्कै वंशको शासन शुरु भयो (राइट, सन् १८७७) । भनाइको मतलब प्रताप मल्लको छोरापट्टिको वंश समाप्त भई अब चेलीपट्टिको वंश अर्थात् प्रतापमल्लका छोरा महीपतेन्द्र मल्लकी छोरीका सन्तान जगज्जय मल्ल कान्तिपुरको राजगद्दीमा आसीन भए (रेग्मी, सन् १९६६) । जगज्जय पछि उनका छोरा जयप्रकाश मल्ल राजा भए, जो कान्तिपुरका अन्तिम मल्ल राजा थिए । यहाँनेर ध्यान दिनु पर्ने कुरा के छ भने भाष्कर मल्लपछि राजा बनेका जगज्जय र जयप्रकाश मल्लले आफ्ना भारदारहरुको विश्वास प्राप्त गर्न सकेनन् । यद्यपि राजाले आफू जीवित छँदै नजिकका नातेदार जगज्जय मल्ललाई उत्तराधिकारीको हैसियत दिइसकेको तथ्य भूमि बेचबिखन सम्बन्धी ताडपत्र तमसुकमा श्री जगज्जय मल्ललाई साक्षीको रुपमा राखिएबाट थाहा हुन्छ (परिशिष्ट नं. २, महीन्द्रसिंहदेव (भाष्कर मल्ल) को तमसुक ताडपत्रको प्रतिलिपी) तथापि अपुतालीमा राजा भएकाले तिनीहरुप्रति दरबारिया भारदारहरुका साथै स्थानीय जनताको पनि त्यति सहयोग थिएन, घृणाभाव थियो । कान्तिपुरमा यसै त भारदारहरु पहिलेदेखि शक्तिशाली थिए, त्यसमाथि यस घटनाले गर्दा तिनको शक्ति अझ वृद्धि हुन गयो । यताबाट कान्तिपुरमा मल्ल वंशको शासन पतन हुनुमा यो पनि एउटा प्रमुख कारण रहेको देखिन्छ । जसरी राजा वीरेन्द्रको वंशनाशपछि राजा भएका ज्ञानेन्द्रप्रति नेपाली जनताको सद्भाव देखिएन । ठीक त्यसैगरी त्यसबेला पनि राजा भएका जगज्जय मल्ल र जयप्रकाश मल्लप्रति जनधारणा राम्रो बन्न नसकेको कुरा सहजै अनुमान लगाउन सकिन्छ ।

***इसाई पादरीहरुका विरुद्ध आक्रमण–*** जसरी मुसलमानहरुदेखि रिझिएका राजाले यहाँ ठूलो संख्यामा विधर्मी मुसलमानहरुलाई भित्र्याएर एउटालाई काजी बनाउने जस्ता सनातन धर्म परम्परा विपरीत कार्य गर्दा परिस्थिति गम्भीर बन्न गई स्थानीय र बाहिरिया मुसलमानहरुबीच द्वन्द चर्किएको थियो ठीक त्यसैगरी सोही समयमा यहाँ भयावह रुपले महामारी प्रकोप फैलिंदा आक्रोशित बनेका स्थानीयवासीले इसाई धर्म प्रचारका लागि आइराखेका इसाई पादरीहरुकै कारण यस्तो भएको भनी तिनीहरुमाथि आक्रमण गरे । वास्तवमा तीव्र रुपमा फैलिएको यस महामारीले गर्दा स्थिति निक्कै भयावह बन्न पुगेको थियो । व्यवहार, विचार, संचार सबै बन्द हुँदा सबै प्राणीहरुमा हाहाकार मच्चियो । यही भयले धेरै मानिसहरु त्राही-त्राही भई शहर छाडी भागेर गए (थापा, १९७२) । भाषा वंशावली अनुसार ने.सं. ८३६ चैत्र महिनादेखि कान्तिपुरमा तथा असारदेखि ललितपुरका साथै भक्तपुरमा पनि यो रोग लागेर मानिसहरु मर्न लागेका थिए (लम्साल, २०२३) । तर कान्तिपुरको जस्तो डरलाग्दो स्थिति भक्तपुरमा उत्पन्न भएन किनकि भक्तपुरले आश्विन महिनामा अधिकमास परेको कारणले गर्दा दशैं अवधिभर देवदेवीका पूजापाठ गर्न निषेध गरेकाले त्यहाँ त्यतिसारो महामारीले दुःख दिएन । यस महामारीको प्रभाव ज्यादातर रुपले कान्तिपुरमै परेको थियो । जतिसुकै पूजापाठ, दानधर्म, शान्तिस्वस्ति गर्दा पनि महामारी साम्य नभएपछि बरु

त्यसको संक्रमणबाट प्रत्येक दिन सयौंको संख्यामा मानिस मर्न लागे (थापा, सन् १९७०) । यसपछि स्थानीय बासिन्दाले त्यसको रिस ईसाई धर्म प्रचारकहरुमाथि फेरे । किनकि यसले गर्दा देवीदेवता रुष्ट भई यस्तो आपत आइलागेको हो भन्ने कुरा स्थानीय मानिसहरुको मनमा पर्न गएको थियो । यसैले स्थानीयवासीले इसाई धर्म प्रचारका लागि आइराखेका पश्चिमेली इसाई पादरीहरुमाथि आक्रमण गर्न थाले ।

त्यसबेला उपत्यकामा मुसलमानका अतिरिक्त यूरोपेलीहरु पनि आउन थालेका थिए, जसको मुख्य उद्देश्य इसाई धर्म प्रचार गर्ने थियो । तत्कालीन मल्ल शासकहरुले तिनलाई सम्मानका साथ यहाँ  बस्ने सुविधा पनि दिएको थियो । तर तत्कालीन समयमा महामारीजन्य परिस्थितिको श्रृजनाले गर्दा र अनेक प्रयास गर्दा पनि त्यसको निवारण नभएपछि यिनै फिरंगीहरुकै कारण देवता प्रकोप भई यस्तो महामारीको घटना भएको भन्ने लागेर स्थानीयवासी नेपालीहरु आक्रोशित बने । नेपालीहरु स्वभावतः सीधासाधा र धर्मभीरु चरित्रका हुन्छन् । सनातन धर्म परम्परामा यिनको अगाध आस्था र विश्वास थियो । म्लेच्छ भनिने ती विधर्मी यूरोपेलीहरुको आगमनकै कारण यस्तो महामारी फैलिएको भनेर आक्रमण गर्न थाले ।

यस सन्दर्भमा नेपालमा रहेका तिब्बत मिसनका अध्यक्ष फादर डोमेनिका फान्को (Domenicoda Fanco) ले नेपालमा फैलिएको यस प्लेग रोगको महामारी र इसाईहरु विरुद्ध गरिएको विद्रोहको चर्चा बेतियामा रहेका डा. फानोसंगको भेटमा गरेका थिए । जसअनुसार सन १७१६ (वि.सं. १७७३) मा नेपालमा महामारीका रुपमा प्लेग रोग फैलियो । यस रोगबाट बीस हजार मानिसहरु मरेका थिए । नेपालीहरुले यस महामारीका निम्ति इसाई धर्म प्रचारकहरुमाथि दोषारोपण गरे । त्यस्तै १० नोभेम्बर १७७६ मा फादर फालिक्स (Falix) ले लेखेको विवरणमा इसाईहरुका विरुद्ध गरिएको यस विद्रोहमा आफ्नो पनि झण्डै ज्यान गुमेको, मुस्किलले मात्र बचेको र कान्तिपुरमा बस्न नसकेर आफूहरु भक्तपुरका राजाको शरणमा पुगेको कुरा उल्लेख गरेका छन् (उपाध्याय, २०७४) यस घटनापश्चात् इसाई धर्म प्रचारका लागि आएका केपुचिन पादरीहरु यहाँ आफ्नो सुरक्षा नहुने देखी फर्केर गएका थिए । यसरी नेपाल उपत्यकामा इसाईहरुका विरुद्धमा जनताले विद्रोह गरेको हुनाले यिनीहरु नेपाल बस्न छोडेका थिए । यद्यपि उपत्यकाका मल्ल राजाहरु यी इसाई पादरीहरुलाई असाध्यै मन पराउँदथे । यसैकारण भक्तपुरका पछिल्ला मल्ल राजा रणजित मल्लले इसाईलाई डाक्न भवानीदत्त भोजु नामक आफ्ना दूत पटना पठाए । १३ मार्च १७३७ मा फादर जोआचिन र फादर भाइटस उपत्यका आए । राजा रणजित मल्लले यिनीहरुलाई सम्मानका साथ विभिन्न सुविधाहरु दिई भक्तपुरमा बस्ने प्रवन्ध मिलाई दिए (उपाध्याय, २०७४) । कान्तिपुरका राजा जयप्रकाश मल्लले पनि यिनीहरुलाई आफ्नो राज्यमा धर्मप्रचार गर्न छुट दिएका थिए । उपत्यकाका मल्ल राजाहरुले यी पश्चिमा इसाईहरुलाई यतिको महत्व किन दिए त भन्दा आपसी झगडा र गोरखालीहरुको आक्रमणको भय नै थियो । यसैले तिनलाई प्रसन्न पारी तिनीहरु मार्फत आफ्ना शत्रुहरुको विरुद्ध विदेशी सहायता प्राप्त गर्न चाहनु नै यसको मुख्य कारण देखिन्छ । ती धर्म प्रचारकहरुको प्रत्यक्षतः राजनीतिसंग कुनै सम्बन्ध नभएपनि एकप्रकारले तिनीहरु यूरोपेली शक्तिका दूत नै थिए । जसलाई पूर्णरुपेण राजकीय सम्मान प्राप्त थियो ।

यसरी तत्कालीन समयमा भएका माथिका प्रमुख गतिविधिहरु ऐतिहासिक दृष्टिले निकै महत्वपूर्ण देखिन्छन् । किनकि ती गतिविधिहरु नेपालको धर्म, परम्परा, समाज, संस्कृति र राजनीति आदिसंग गाँसिएका छन् । यी गतिविधि एकातिर यहाँको नितान्त आन्तरिक मामिला भएको देखिन्छ भने अर्कोतिर बाह्य पक्षसंग पनि सम्बन्धित हुन सक्दथ्यो । खासगरेर ती भगुवा मुसलमानहरुले दक्षिण छिमेकको कुनै मुस्लिम शक्तिको आड पाएर यहाँ प्रत्याक्रमण गरेको भए अथवा पश्चिमा इसाई पादरीहरुमाथि यहाँ गरिएको आक्रमण विरुद्ध भारतमा भर्खर स्थापित कम्पनी सरकारले चासो लिएको भए स्थितिले अर्कै रुप लिन सक्दथ्यो । किनकि त्यसबेला इसाई र मुस्लिम धर्म विश्वव्यापी रुपमा फैलिंदै गरेको थियो ।

**निष्कर्ष**

यसप्रकार उपर्युक्त दृष्टान्तका आधारमा कान्तिपुरका राजा भाष्करमल्ल (महीन्द्रसिंहदेव) को राज्यकाल सामाजिक, सांस्कृतिक, धार्मिक, राजनैतिक आदि गतिविधिका दृष्टिले महत्वपूर्ण रहेको थाहा हुन्छ । यी उल्लेखित गतिविधि एवं परिस्थितिले के स्पष्ट पार्दछ भने नेपालको इतिहासमा अहिलेसम्म प्रकाशमा नआएका वा आउन नसकेका कतिपय तथ्यहरुको बारेमा रहस्योद्घाट्न गर्दछ । जस्तोकि तत्कालीन नेवार बाहुल्य नेपाल उपत्यकामा एउटा गैरनेवार मुस्लिम व्यक्ति आफ्नो राज्यको काजीको पदसम्म पुगेकाले त्यसबाट आफ्नो सनातनकालदेखिको धर्म परम्परामा आघात पर्ने र आफूहरु मुसलमानको कमारो बन्नु पर्ने भयो भनी स्थानीयवासीले आपसमा एकजुट भई बाहिरिया मुसलमानहरुका विरुद्ध विद्रोह गर्नु अनि त्यस्तैगरेर यिनकै समयमा नेपालीहरुले इसाई धर्म प्रचारकहरुका विरुद्ध जाइलागेका घटनाहरुले के कुरा स्पष्ट पार्दछ भने नेपालीहरु परापूर्वकालदेखि प्रचलित आफ्नो धर्म परम्परा, संस्कार संस्कृति, सामाजिक मूल्यमान्यताप्रति कति सचेत र सम्वेदनशील छ भन्ने कुरा बोध हुन्छ । यी भनेका स्वअस्तित्वसंग गाँसिएका मौलिक पहिचान हुन् । मौलिक पहिचानले नै जाति, समुदाय, समाज र समग्र राष्ट्रकै अस्तित्व सम्बर्द्धन गर्दछ । यसलाई बेवास्ता गर्नु हुँदैन भन्ने स्थानीयवासीका गहन सोचकै कारणले गर्दा अद्यापि यहाँ असंख्य मूर्त, अमूर्त मौलिक सम्पदाहरु जीवित रहन सकेका हुन् । त्यस्तै, अर्को कुरा, हालै देखिएको कोरोना भाइरस (कोविड १९) जस्तै प्रकारको महामारीको प्रकोप त यहाँका पूर्खाले लगभग ३०० वर्ष अघि नै भोगिसकेका रहेछन् भन्ने थाहा हुन्छ । अनि यसै महामारीका कारण असमयमै यी राजाको निसन्तान अवस्थामा मृत्यु हुँदा कान्तिपुरमा सूर्यवंशी मल्ल राजाहरुको शासन समाप्त हुन गएको तथ्य पनि उतिकै महत्वपूर्ण छ । मृत्यु हुँदाका बखत यिनी कान्तिपुरका साथै ललितपुरका पनि राजा थिए । यसरी यी विविध गतिविधिहरु ऐतिहासिक दृष्टिले निक्कै महत्वपूर्ण छन् । किनकि यी गतिविधिहरु न पहिले कहिल्यै भए न पछि नै देखिए । यसैले भाष्कर मल्ल ऐतिहासिक रुपले कान्तिपुरका त्यति प्रख्यात राजा नभएपनि उनको राज्यकाललाई भने उल्लेखनीय मान्न सकिन्छ ।

**परिशिष्ट नं. १**

राजा भाष्कर मल्लले ने.सं. ८२३ अर्थात् वि.सं. १७६० श्रावण २ शुदिका दिन भक्तपुरका राजा भूपतीन्द्र मल्लसंग आपसमा झगडा नगर्ने भनी गरेको सन्धिको सार-

***श्रीश्री जयभूपतीन्द्र मल्ल परमभट्टारक देवस्त...श्रीश्रीजयभाष्कर मल्ल परमभट्टारक देवसन गच्छं पत्र चोस्य दुंता...ञनं खप्व तोलतेमदु राजा राजा व बोलय याय थास ञ प्रमुख याय माल.... ध्वते भाषाया मोहर सुयषु दोलं गच्छ तया ३६०००... खप्वन ञ मानय मजुयकाव यलयात लं बियमदु***

(श्रीश्री जयभूपतीन्द्र मल्लदेव परम भट्टारकलाई ...श्रीश्रीजयभाष्कर मल्लदेव परम भट्टारकले गच्छपत्र ( धरोटसमेतको सन्धिपत्र) लेखेर दिनु भयो । यसको बेहोरा यस प्रकारको छ-

... कान्तिपुरले भक्तपुरको साथ छोड्नु हुँदैन । राजा राजाहरुमा गुहार माग्दा कान्तिपुरलाई प्रमुख गराउनू । ... यस सन्धिपत्रमा ३६००० (छत्तीस हजार) मोहर धरोट राखिएको छ । ... भक्तपुरले कान्तिपुरको अनुमति नलिईकन ललितपुरलाई बाटोघाटो खोलिदिनु हुँदैन । )

साभार–*ऐतिहासिकपत्र संग्रह भाग २,* पृ.४४-५० को सारसंक्षेप ।

**परिशिष्ट नं. २**

महीन्द्रसिंहदेव कान्तिपुर र ललितपुरका राजा हुँदाको समयमा पाटन वखन बहालका कायस्थ विष्णुहरि भारोलाई राजा महीन्द्रसिंहले गरिदिएको तमसुक ताडपत्रको सारसंक्षेप–

“***(१) स्वस्ति ।। श्री माणिग्लाधिपति महाराजधिराज श्री श्री जय गजपति महीन्द्रसिंह देव प्रभु थाकुरसन् वखन वहार गृह निवासी ग्राहक कायष्ठ विष्णुहरि भारो नाम्ने प्रसादीकृत बोगाड षुसि क्षेत्र नाम प्रदेशे श्री बुंगदेव भट्टारककासव स्वथ अमात्य .....***

***(२) (भा) रोसवद्धयो क्षेत्रेण पश्चिमतः वलर्छें भवानी शंकर क्षेत्रेणो त्तरतः श्री राजया क्षेत्रेण पूर्व्वतः क्षेत्रेण दक्षिणत एतत्मध्ये तत्क्षेत्र पंचरोपणिक रोवडा ५ पुनर्नागाड वातिका पादो न त्रय कर्षाङ्क कर्षनसि २ जव स्व ३ तौ .....***

***(३) यथानगरकार प्रवर्त्तमानेन सुवर्ण्ण पुष्प मारार्थमोहोर टंका स्वइल इल मस्व ३१३ सुकि १ आदान स्वाधिना वर्त्त कन्यायेन क्री विक्रीण प्रसादी तृतं भत्रप- आगे दृष्ट साक्षि श्री जगतजय मल्ल थाकुरस सं. ८३९ नष्टाश्विनी कृष्ण ११ राज दैवज्ञ मत्सेन्द्र राज ...***”

**भावार्थ -** कल्याण होस् ॥ श्रीमाणिग्लाका अधिपति महाराजाधिराज श्री श्री जय गजपति महीन्द्रसिंह देव प्रभु ठाकुरबाट वखन वहारको घरमा बस्ने ग्राहक कायस्थ विष्णहरि भारोको नायँमा निगाह भएको बोगाड खोला नाम भएको ठाउँको श्री बुंगदेव भट्टारक र स्वथटोलको अमात्य भारोको खेत देखि उत्तर श्रीराजको खेतदेखि पूर्व र त्यही खेतको दक्षिण यतिमध्ये त्यो खेतको पाँच रोपनी ५ फेरि नागाड वारि एक पाउ घटी ३र्ष अर्थात् कर्ष २ जव ३ यति देशकालको

चलन अनुसार सुनको भाउ बमोजिम मोहर रुप्रयाँ तीन सय तेह्र ३१३ सुकी १ ले आफ्नो हक मुताबिक बेच बिखन गरियो । यस पत्रको देखि जान्ने साक्षी श्री जगज्जय मल्ल ठाकुरलाई राखिएको छ । नेपाल संवत् ८३९ नष्ट आश्विन कृष्ण एकादशी राजदैवज्ञ मत्सयेन्द्रराज (लेखक)

**टिप्पणी -** यस ताडपत्रको ऐतिहासिक महत्व के छ भने यसले भाष्कर मल्ल र महीन्द्रसिंह देव एकै व्यक्ति वा शासकको नाम हो भन्ने कुरा स्पष्ट पार्दछ । अर्को कुरा, यिनले विष्णुहरि कायस्थ भन्ने भारदारलाई भूमि बेचबिखन गरेको उपर्युक्त ताडपत्र तमसुकमा श्री जगज्जय मल्ललाई साक्षीको रुपमा राखिएको छ । जसबाट आफू निसन्तान भएको हुनाले यी महीन्द्रसिंह राजाले आफू पछि राजा हुने उत्तराधिकारमा श्री जगज्जय मल्ललाई राखिएको कुरा महसुस हुन्छ ।

साभार– राजा महीन्द्रसिंहदेव (भाष्कर मल्ल) को तमसुक ताडपत्र राष्ट्रिय अभिलेखालय काठमाडौं, ताडपत्र संख्या ९४९ । *प्राचीन नेपाल* .सङ्ख्या ९० (१९८५) ।

## सन्दर्भसामग्री सूची

उपाध्याय, श्रीरामप्रसाद (२०७४), *नेपालको प्राचीन र मध्यकालीन इतिहास,* रत्न पुस्तक भण्डार ।

कायस्थ, बलराम (सन् २०२३), दि कोर्टियर्स अफ कान्तिपुर दुरिङ द मल्ल पिरियड, *कन्टेम्पोलरी सोसल साइन्सेज, ३२* (३), ५८-७३ ।

चालिसे, पुष्पराज (२०४८), *नेपालको पुरानो इतिहास र सभ्यता,* रत्न पुस्तक भण्डार ।

ज्ञवाली, सूर्यविक्रम (२०१९), *नेपाल उपत्यकाको मल्लकालीन इतिहास,* रोयल नेपाल एकेडेमी ।

तिवारी, रामजी (सम्पा.) (२०२१), *ऐतिहासिक पत्रसंग्रह.* (भाग २), श्री ५ को सरकार, पुरातत्व विभाग ।

पन्त, दिनेशराज (२०७४), *श्री ५ पृथ्वीनारायणा शाहको दिव्योपदेश र संक्षिप्त जीवनी,* मञ्जरी पब्लिकेशन ।

पौडेल, भोलानाथ (वि.सं. २०६५), *भक्तपुरको राजकुलो,* आगम प्रकाशन ।

मुनंकर्मी, लीलाभक्त. (२०२५), *मल्लकालीन नेपाल,* रत्न पुस्तक भण्डार ।

राइट, डेनियल (सन् १८७७), *हिष्ट्री अफ नेपाल,* युनिभरसिटी अफ क्याम्ब्रिज ।

राजवंशी, शंकरमान (सम्पा.) (२०२०), *ऐतिहासिक घटनावली,* श्री ५ को सरकार, पुरातत्व विभाग ।

राजवंशी, शंकरमान (सम्पा.) (अप्रिल १९७२), मल्लकालको तामापत्र र त्यसको अनुवाद. *प्राचीन नेपाल.* १९, १-२ ।

राजवंशी, श्यामसुन्दर (अक्टोबर-नोभेम्बर १९८५), राजा महीन्द्रसिंहदेव (भाष्कर मल्ल) को तमसुक ताडपत्र. *प्राचीन नेपाल.* ९०, १५-१८ ।

रेग्मी, जगदीशचन्द्र (२०३९). *नेपालको धार्मिक इतिहास,* रत्न पुस्तक भण्डार ।

रेग्मी, डिल्लीरमण (सन् १९६६), *मिडियभल नेपाल.* (भाग २), के.एल.मुखोपाध्याय ।

लम्साल, देवीप्रसाद (संम्पा).(वि.सं.२०२३), *भाषा वंशावली.* (भाग २), नेपाल राष्ट्रिय पुस्तकालय ।

लेखक अनुल्लिखित (अप्रिल १९७०), नेपालको इतिहास राजभोगमाला, *प्राचीन नेपाल.* थापा, रमेशजङ्ग (सम्पा.) सङ्ख्या ११, १-१७ ।

लेखक अनुल्लिखित (जनवरी १९७२), नेपाल देशको इतिहास. *प्राचीन नेपाल.* थापा, रमेशजङ्ग (सम्पा.), १८, १-२४ ।

वज्राचार्य, धनवज्र (सम्पा.) (२०१९), *इतिहास संशोधनको प्रमाणप्रमेय. पहिलो भाग,* जगदम्बा प्रकाशन ।

शाह, रिषीकेश (सन् २००३), *एनसियन्ट एण्ड मिडियभल नेपाल,* मनोहर पब्लिसर्स एण्ड डिष्ट्रीब्युटर्स ।